annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ९ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४४ | FRIDAY, OCTOBER 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# गोपाल धर्मशालाको आम्दानीमा विदेशी ट्रस्टको रजाइँ

जनकपुरको गोपाल धर्मशालामा वार्षिक ३ लाख बढी त भारतीय पर्यटक नै बास बस्ने गर्छन् । कोठाको मात्र होइन, गाडी/बस पार्किङदेखि बाहिरी बरन्डामा रात कटाउनेले पनि पैसा तिर्नुपर्छ । तर, उक्त धर्मशालाबाट के कति आम्दानी हुन्छ ? त्यसको कुनै हिसाब छैन । किनभने आम्दानी जति भारतीय ट्रस्ट (नाथानी चैरिटेबल) ले लैजान्छ । करिब सय वर्षदेखि उक्त धर्मशालाको आम्दानीमा भारतीय ट्रस्टको रजाइँ चलेको छ ।

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट




समाचार पृष्ठ २

मनिका झा

# आम्मामा ! गोलभेंडा किलोकै २००

**ममता थापा** | *काठमाडौं*

ठ्याक्कै १ महिनाअघि असोज १० देखि १३ गतेसम्म देशव्यापी अविरल वर्षाका कारण बाढी, पहिरो र डुबानले विशेष गरेर ताजा तरकारी र फलफूल आपूर्ति घट्यो। बजारमा हात्तै मूल्य बढ्यो। तर, अवस्था सहज भएपछि भाउ घट्ला भन्ने उपभोक्ताको आस यत्तिबेला बगरबास भएको छ। रातदिन भान्सामा चाहिने गोलभेंडाकै भाउ सुन्दा जिब्रो टोक्नुपर्ने अवस्था छ।

महिना अघिदेखि निरन्तर मूल्य आकासिएको छ। अहिले त झन् चाडपर्वको मध्य भएकाले पनि बजारमा तरकारीको मूल्य छोइसक्नु छैन। सानो लोकल र टनेलको गोलभेंडाकै थोक बजार मूल्यप्रति किलोग्राम १५० रुपैयाँदेखि १८० रुपैयाँसम्म पुगेको छ। लामो समयदेखि गोलभेंडाको थोक औसत मूल्य १२५ हाराहारीमा छ। थोक (होलसेल) पसलको मूल्य नै अचाक्लि वृद्धि भएपछि किराना पसलको मूल्य ठाउँ नै पिच्छे प्रतिकिलोग्राम २५० रुपैयाँसम्ममा ग्राहकले किन्न बाध्य छन्। जबकी १ महिनाअघि वर्षा हुनुभन्दाको अघिल्लो दिन प्रतिकिलो औसत ३५ रुपैयाँदेखि ४५ रुपैयाँ हाराहारीमा सानो गोलभेंडा थोक मूल्यमा बिक्री भएको थियो।

किराना पसलमा अधिकतम ५०-७० रुपैयाँसम्ममा बिक्री भएको थियो। तर, महिना दिनकै अन्तरमा टमाटरको मूल्य २०० प्रतिशतले वृद्धि भएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकमा उल्लेख छ। यसैले गर्दा यतिबेला गोलभेंडाको स्वाद बिना तरकारी नरुच्नेलाई यो मूल्यले धेरै अप्ठ्यारो पुगेको ग्राहककै गुनासो सुनिन्छ। अझ तिहार नजिकिँदै गरेकाले झन् महँगोमा पर्न सक्ने चिन्ता उपभोक्तालाई थपिएको छ।

प्राय: कालीमाटीमा मात्रै दैनिक ५०-६० टन सानो गोलभेंडा भित्रिने गरेकोमा अहिले दैनिक १५-२० टन मात्रै आगमन भएको समितिका सूचना अधिकारी विनय श्रेष्ठले जानकारी दिए। उत्पादन कम भएर बजार आपूर्ति कम छ, तर माग यथावत् भएकाले पनि मूल्य घट्न नसकेको उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

**तरकारी र फलफूलको थोक मूल्य**

| कृषिउपज | असोज ८, २०८१ (मूल्य रु. मा) | कात्तिक ८, २०८१ (मूल्य रु. मा) | फरक |
|---|---|---|---|
| गोलभेंडा ठूलो (भारतीय) | ८५.०० | १२५.०० | ४७.०६% |
| गोलभेंडा सानो (लोकल) | ३५.०० | १०५.०० | २००.००% |
| गोलभेंडा सानो (टनेल) | ४६.६७ | १२५.०० | १६७.८४% |
| मुला रातो | ३०.०० | ५५.०० | ८३.३३% |
| भन्टा लाम्चो | २५.०० | ५५.०० | १२०.००% |
| भन्टा डल्लो | ३५.०० | ६५.०० | ८५.७१% |
| बोडी(तने) | ६५.०० | १२०.०० | ८४.६२% |
| चिचिन्डो | २५.०० | ४५.०० | ८०.००% |
| हरियो फर्सी (डल्लो) | ३५.०० | ५५.०० | ५७.१४% |
| भिन्डी | ४५.०० | ७५.०० | ६६.६७% |
| पिंडालु | ५५.०० | ९५.०० | ७२.७३% |
| कुरिलो | ४७६.६७ | १,०५०.०० | १२०.२८% |
| जिरीको साग | ७५.०० | १९०.०० | १५३.३३% |
| काक्रो (लोकल) | ६०.०० | १०५.०० | ७५.००% |
| काक्रो (हाइब्रिड) | २२.३३ | ४५.०० | १०१.५२% |
| अम्बा | ७१.६७ | १६६.६७ | १३२.५५% |
| खुर्सानी हरियो | ९५.०० | १८५.०० | ९४.७४% |
| खुर्सानी हरियो (बुलेट) | ११०.०० | १८५.०० | ६८.१८% |
| हरियो धनिया | ९५.०० | १७६.६७ | ८५.९७% |

*स्रोत: कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति*